# लैंगिक समानता तथा सामाजिक समावेशीकरण

# रणनीति २०७९

## बेथानचोक गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

**जिल्ला काभ्रेपलाञ्चोक,**

**बागमति प्रदेश, नेपाल**

## विषय सुची


१. पृष्ठभूमि ..... १

२. रणनीति तर्जुमाको आवश्यकता ..... २

३. रणनीति तर्जुमाका बिधिहरु ..... २

४. गाउँपालिकाको परिचय ..... २

५. नीतिगत व्यवस्था ..... ३

६. हालको अवस्था ..... ४

७. SWOT विश्लेषण ..... ४

८. सरोकारवाला पहिचान ..... ७

९. लक्षितवर्ग पहिचान ..... ८

१०. दीर्घकालिन सोच (Vision) ..... ८

११. ध्येय (Mission) ..... ८

१२. लक्ष (Goal) ..... ८

१३. उदेश्य (Objectives) ..... ८

१४. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ..... ९

१५. लैससास रणनीति (GESI Strategy) ..... ९

१६. रणनैतिक कृयाकलापहरु ..... १०

१७. वित्त व्यवस्थापन ..... १७

१८. कानूनी व्यवस्था ..... १७

१९. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ..... १७

२०. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ..... १८

२१. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ..... १८

२२. लैससास रणनीतिका अपेक्षित उपलब्धी ..... २०

२३. निश्कर्ष ..... २०

२४. कार्यक्रमको फोटोहरु ..... २१

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । यसैगरी संविधानको धारा ३८ ले महिलाको हकको व्यवस्था गरी महिला अधिकारको सुरक्षा गरेको छ ।

संविधानले लैससासको व्यवस्था सुनिश्चित गर्न समानता र गैर भेदभावको सिद्धान्तको व्याख्या गर्नुका साथै संवैधानिक आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मधेश आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय आदिवासी जनजाति आयोग र राष्ट्रिय मानव अधिकार आयोगहरू स्थापना गरी कार्यारम्भ गरिसकेको छ । संविधानद्वारा प्रत्याभूत गरिएको संघीय शासन प्रणालीमा लैङ्गिक असमानता र सामाजिक वहिष्करणलाई कम गर्न तथा सामाजिक रुपान्तरणका लागि धेरै अवसरहरू प्रदान गरेको छ । यस पद्धतीले नेपालका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता अगाडि बढाउने क्षमता राख्दछ । लैससासका सवालमा सम्बोधन गर्ने मुख्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा दीगो विकास लक्ष्य, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), बेइजिङ्ग घोषणा पत्र (BPFA) आदि मूख्यपङ्तीमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरी आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यममा जोड दिदै लैससास प्रवर्द्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ ।

संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताको सिद्धान्तका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ । अतः लैससास स्थानीयकरण रणनीति २०७५, को अधिनमा रही यस काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गाउँपालिकाको **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तय गरिएको छ ।

## २. रणनीति तर्जुमाको आवश्यकता

लैससास क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरू, गर्भवती महिला, सुत्केरी अवस्थाका महिला, लैङ्गिक तथा यौनीक अल्पसंख्यक व्यक्तिहरू, किसान लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरूको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरु हुन सकिरहेका छैनन् ।

शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ । तसर्थ वेथानचोक गाउँपालिकाले महिला, जनजाती, आदिवासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडि परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिइएको छ । गाउँपालिकाले लैससास रणनीति तयारी पश्चात आफ्नो क्षेत्रको विकासका लागि श्रोत र साधनहरूको बाँडफाँड, कार्यान्वयन तथा परिचालन र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा सामाजिक समानता ल्याउने उद्देश्य राखेको छ । रणनीति तर्जुमा पश्चात लैससासको पक्षमा जवाफदेहिता तथा उत्तरदायित्व बहन गर्ने सवालमा सरोकारवालाहरुलाइ थप जिम्मेवार बनाउछ । साथै गाउँपालिकाको लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा महिला सशक्तिकरण सम्बन्धि कार्यक्रममा प्रभावकारिता बढाउनका साथै सामाजिक क्षेत्रको विकासको कार्यक्षेत्र विस्तार गर्न समेत सघाउ पुर्याउँदछ तसर्थ गाउँपालिकालाइ लैससास मैत्री वनाउन लैससास रणनीतिको आवश्यकता रहेको छ ।

## ३ लैससास रणनीति तर्जुमाको विधिहरू

रणनीतिक योजना तयारीको मूख्य आधार वेथानचोक गाउँपालिकाको विद्यमान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थालाई लिइएको छ । गाउँपालिकाको अवस्थिति, खण्डीकृत जनसंख्या, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात प्राप्त भएको हालको अवस्था, हाल गाउँपालिकाबाट लैससासको सवालमा भैरहेका कार्यक्रमहरू तथा कार्य प्रणाली लगायतको बारेमा विज्ञ टोलीहरूको स्थलगत भ्रमण, समूह छलफल, सरोकारवाला निकाय तथा व्यक्तिहरूसँगको छलफल मार्फत संकलित तथ्यांकको विश्लेषणको आधारमा लैससासको क्षेत्रको वर्तमान अवस्था, समस्याहरू, चुनौतीहरू तथा आवश्यकता पहिचान गरिएको छ । पहिचान गरिएका आवश्यकताहरूलाई राष्ट्रिय नीति, रणनीति, नीति तथा कार्यक्रम, आवधिक योजना, गाउँपालिकाले लैससासको विकासमा लिएका लक्ष्यहरू, आवश्यक श्रोतको उपलब्धता, स्थानीय प्राथमिकता र मौलिकता आदिलाई समेत आधार मानेर लैससास विकासको रणनीतिक योजना तयार गरिएको छ । प्राथमिक तथा द्वितीय स्रोतका जानकारीहरूको विश्लेषण गरी योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, तथा प्राथमिकता क्षेत्रहरू निर्धारण गरिएका छन ।

## ४. गाउँपालिकाको संक्षिप्त परिचय

काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका प्रकृतिले मनोरम गाउँपालिका हो, पूर्व दक्षिण रोशी गाउँपालिका, उत्तर पूर्व नमोबुद्ध नगरपालिका, उत्तर पश्चिम पनौती नगरपालिका, दक्षिण तर्फ खानीखोला गाउँपालिका र पश्चिमतर्फ ललितपुर जिल्ला क्षेत्रसँग जोडिएर अवस्थित रहेको छ। बाग्मती प्रदेश अन्तर्गत दक्षितितिर पहाडहरुको राजा भनेर चिनिने बेथानचोक गाउँपालिका बिथानचोक नारायणस्थानको नामबाट नामाकरण गरिएको हो। असिमित संभावना बोकेको यस गाउँपालिका

खानीको हिसाबले पनि धनी देखिन्छ । राजधानी देखि करीब ४५ कि. मी. दक्षिणमा रहेको बेथानचोक गाउँपालिका समुन्द्री सतहबाट करिव ३०१८ मि. अग्लो उचाइमा रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १०१ बर्ग किलमिटर रहेको छ। बि.सं. २०६८ को जनगणना तथा घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकामा पुरुष ७,६७९ र महिला ९,०९८ गरी जम्मा १६,७७७ जनसंख्या थियो भने बि.सं. २०७८ को जनगणनाको प्रारम्भिक तथ्याङ्कमा भने जम्मा घर संख्या ३,७३०, परिवार संख्या ३,९०० जम्मा जनसंख्या १४,९९६ मध्ये पुरुष ७,२२९ र महिला ७,७६७ रहेको छ। यस गाउँपालिकामा तामांग भाषा बोल्नेको सख्या ८८०२ नेपाली भाषा बोल्नेको सख्या ७३३० जना र नेवारी भाषा बोल्ने को सख्या ४१७ जना रहेको छ भने अपांगता भएका व्यक्ति १३१ जना छन् । यस गाउँपालिकामा बिभिन्न जातजातिका मानिसहरु बसोबास गर्ने भएकोले जातीयताका आधारमा विभिन्न चाडपर्व मनाउने गरिन्छ।

## ५. लैससास रणनीति तर्जुमा कार्यका लागि भएका नीतिगत व्यवस्था

वि.सं. २०६८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसंख्याको ५१.५ प्रतिशत महिला रहेकामा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ । यस्तै, सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत रहेको देखिन्छ । महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमश २६.३ र ५३.८ प्रतिशत रहेको छ । आफ्नो जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसाबाट पिडित महिलाहरूको संख्या नेपालमा २४.४ प्रतिशत रहेको छ । त्यस्तै, आ. व २०७५-२०७६ मा नेपालको लैङ्गिक असमानता सूचकांक ०.४७६, लैङ्गिक सशक्तिकरण सूचकांक ०.५७, लैङ्गिक विकास सूचकांक ०.८९७ तथा लैङ्गिक उत्तरदायी बजेट ३८.१६ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्याको करिब १.९४ प्रतिशत जनसंख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ भने पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ ।

महिलाहरूको राजनीति तहमा सहभागिता तथा नेतृत्वको सन्दर्भमा, २०७४ तथा २०७५ मा सम्पन्न संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन अनुसार महिलाको राष्ट्रिय सभामा ३७.३ र प्रतिनिधि सभामा ३२.७ प्रतिशत, प्रदेश सभामा ३४.४ र स्थानीय तहमा ४१ प्रतिशत निर्वाचित महिला सदस्य रहेको अवस्था छ । मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरू बीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ ।

सन् २०१५ मा लैङ्गिक असमानतामा नेपाल विश्वमा ११० स्थानमा रहेको थियो भने सन् २०२० मा १०१ औं स्थानमा रहेको छ । नेपाल, बंगलादेश र भारत पछि दक्षिण एसियमा बाल विवाहदर उच्च भएको तेस्रो देश हो र नेपालमा ३७ प्रतिशत महिलाहरूले १८ वर्षभन्दा अगाडि नै विवाह गर्छन भने १५ वर्ष भन्दा पहिले नै विवाह बन्धनमा बाँधिने अनुपात १० प्रतिशत रहेको छ । *(श्रोत) दीगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६–२०३०)*
यसै बीच लैससास रणनीतिको तर्जुमा कार्यका लागि कानूनी तथा बैधानिक आधारहरूलाई यसरी बुँदावद्ध गर्न सकिन्छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७
- १५औं राष्ट्रिय योजना,
- लैससास स्थानीयकरण रणनीति, २०७५,
- दीगो विकासका लक्ष्यहरू
- प्रदेश तथा स्थानीय तहका लागि लैंङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

## ६. गाउँपालिकाको लैससासको हालको अवस्था

गाउँपालिकामा लैससासका सम्बन्धमा अध्ययन गर्दा गाउँपालिकाले लैससास सम्वन्धी कार्यविधि, २०७८ अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७६, विपद् उद्दार तथा राहत वितरण कार्यविधि, २०७५, उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ निर्माण गर्ने जस्ता कार्य गरिरहेको यस गाउँपालिकाले लैससासको क्षेत्र विस्तृत बनाउने उदेश्यका साथ विभिन्न नीतिहरू अगाडि सारेको छ । गाउँपालिकाले लैससासको सवालमा लिएका नीतिहरूलाई यसरी बुँदागत रुपमा हेर्न सकिन्छ ।

- लक्षित वर्गका बालवालिकाको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चित गरिने ।
- बाल संजाल गठन गर्ने।
- आदिवासी जनजाती तथा पिछडावर्गहरुको उत्थानको लागि सचेतनामूलक, सिपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रमहरु संचालनमा जोड दिदै यस्ता किसिमका कार्यक्रमहरु संचालनका लागि संजाल गठनमा प्रोत्साहन गर्ने ।
- लैससास कार्यक्रम अन्तर्गत विपन्न तथा दलित महिलाहरुलाई परम्परागत सिपमूलक एवं व्यवसायिक तालिम प्रदान गरी जिवनस्तर सुर्धानको लागि आयमूलक कार्यक्रमहरु संचालनमा विशेष जोड दिने ।
- महिला हिसाको अपराध विरुद्ध विविध सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- महिला लक्षित कार्यक्रम तथा महिलाको समग्र क्षमता विकासका कार्यक्रमहरु संचालन तथा सहजिकरण गर्ने उदेश्यले महिला समुह कै प्रतिनिधित्व हुने गरी वडा स्तरीय महिला संजाल गठन गर्ने ।
- अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुको हकहित एवं सेवा माथीको पहुँचलाई सुनिश्चितता गरिने साथै सामाजिक सुरक्षा तर्फ विशेष जोड दिने ।
- गरिबिको चपेटामा परेकाहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु संचालन गर्ने ।

यद्यपी यहाँ महिला, जनजाति, दलित, अपाङ्ता भएका तथा पछाडि पारिएका समुदायहरूलाई सिपमुलक तथा क्षमता विकासका क्षेत्रमा ठोस कार्यक्रमहरूको सुरुवाती चरणमा मात्र रहेका छन । साथै विभिन्न कार्यक्रम तथा समितिहरूमा महिला सहभागिता रहेको भएता पनि निर्णय प्रकियामा महिला सहभागिताको सकृयता न्यून रहेको अवस्था छ ।

## ७. SWOT विश्लेषण

बेथानचोक गाउँपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर देहाय बमोजिम विश्लेषण गरिएको छ ।

### ७.१ बलियो पक्ष (Strength)

- स्थानीय कानूनमा लैससास सम्बन्धी प्रावधान राखिएको,
- विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसमा लैससासको दृष्टिकोले विश्लेषण गरिएको,

- वार्षिक नीति तथा योजनामा लैससास सम्बन्धी विषयहरु समावेश गरिएको,
- आवधिक योजनामा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र त्यसको मापनयोग्य लक्ष्य समावेश गरिएको,
- लक्षित विकास कार्यक्रमको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरिएको,
- योजना तर्जुमा गर्दा लक्षित वर्गको भेला गरी लक्षित वर्गकै उपस्थितिमा प्राथमिकीकरण गर्दै लक्षित वर्गले प्राथमिकतामा राखेका योजनाहरु पालिकाको प्राथमिकतामा परेको,
- योजना तर्जुमामा महिलाका आवश्यकतालाई व्यवहारिक र रणनैतिक गरी दुई खण्डमा राखेर छलफल हुने गरेको,
- योजना तर्जुमा गर्नुपूर्व समस्या विश्लेषण गर्दा  महिला पुरुष सहित अन्य लक्षित समूहको अवस्थालाई छुट्टाछुट्टै विश्लेषण गरिनु त्यही विश्लेषणका आधारमा कार्यक्रम तय गरी बजेट विनियोजन गरिएको,
- उपभोक्ता समितिमा लक्षित समुहका प्रतिनिधि अनिवार्य गरिनु साथै महिला सहभागिता ३३% भएको,
- दिगो विकास लक्ष्यवारे पालिकामा छलफल हुने गरेको, साथै यसका कार्यान्वयनको बजेट विनियोजन गरिएको,
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरि कार्यान्वयन गरिएको,
- महिला तथा लक्षित वर्ग सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्था सहित वजेट विनियोजन गरिएको र नेतृत्व र क्षमता विकासका थुप्रै कार्यक्रम भएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीको विवरण अध्यावधिक राखिएको,
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि कोषको स्थापना  गरिएको,
- लक्षित वर्गका सरकारी सेवा प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पूर्व तयारी कक्षाहरु संचालन गरी लक्षित वर्गका सरकारी सेवा प्रवेशका लागि प्रत्यक्ष सहयोग पुर्याएको,
- स्थानीय तहभित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बाल विवाह, बहुबिबाह) हटाउनको लागि स्थानीय तहबाट प्रशस्त कार्यक्रमहरु गर्ने गरिएको।
- भौतिक पुर्वाधारका सबै डिजाइनहरुमा लैससास सम्बन्धी प्रावधानहरु समेट्ने गरिएको।
- परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण जनसंख्या शिक्षा जनस्वास्थ लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्ने गरेको।
- विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाइएको।
- सबै विद्यालयमा महिला पुरुष शौचालयको तथा हात धुने व्यवस्था भएको।
- निरक्षर महिलाका लागि विशेष कार्यक्रम संचालन गरेको।
- स्थानीय तहमा फोहोर व्यवस्थापन लागि संकलन तथा विसर्जनका कार्यक्रमहरु गर्ने गरेको।
- अलग्गै स्थनपान कक्षको व्यवस्था गरेको।
- स्थानीय तहले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रम संचालन गर्ने गरेको।
- स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरेको।
- संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धीम १९८९ मा उल्लेख भए अनुरुपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरेको।
- लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरेको।

## ७.२ कमजोर पक्ष (Weekness)

- कानूनमा महिला, किशोरी, बालबालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान समावेश नगरिनु।

- दिगो विकासका लक्ष्यबारे पालिकामा छलफल हुने नगरेको साथै बजेट विनियोजन नगरिएको।
- GESI अडिट नगरिएको साथै यसका लागि रकम विनियोजन नगरिएको।
- महिला पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशी बढाउनको लागि निश्चित कार्यनीति नरहेको।
- कुनै नीति नियम कार्यविधी दिग्दर्शन जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए
- नभएको बारे लेखाजोखा गर्ने नगरेको।
- निश्चित प्रतिशत बजेट लक्षित वर्गमा विनियोजन नगरेको।
- उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको।
- मानव संशाधन विकास शाखाको स्थापना नभएको।
- पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएता पनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।
- महिला तथा लक्षित वर्गको लागि लोक सेवा, शिक्षक सेवा आयोग सम्बन्धी पुर्व तयारी कक्षाहरु सञ्चालन नगरिएको।
- महिलाका हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका बारेमा कर्मचारी तथा पदाधीकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नगरिएको।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन नगरिएको।
- लैङ्गिक हिंसामुक्त पालिका घोषणा हुन नसकेको।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून कार्यविधिका बारेमा लक्षित समुहलाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अभिमुखीकरण नगरिएको।
- गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको।
- लैससास सम्बन्धी सरोकारवाला निकायबीच समन्वय तथा सहकार्यका लागि संयन्त्र निर्माण नभएको।
- महिला तथा आर्थिक रुपले विपन्न घर परिवारका लागि स्वास्थ्य विमा नगरिएको।
- स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथालक्षित समुहका क्षमता विकासको कार्यक्रमहरु सञ्चालन नगरेको।
- जनप्रतिनिधीहरुको विस्तृत वैयक्तिक विवरण वेभसाइडमा नराखिएको।
- सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना समाचार तथा सन्देशमुलक विषयवस्तु प्रकाशन नभएको।
- स्थानीय तहका जनप्रतिनिधी र कर्मचारीको आचारसंहिता नबनाइएको।

### ७.३ अवसर

- विभिन्न जातजाति समुदायबीच सामाजिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागू गर्ने उपयुक्त वातावरण रहेको।
- आवश्यक पर्ने कानून नीति बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा हुनु।
- युवा कर्मचारी तथा जनप्रतिनिधीको बाहुल्यता रहेको हुँदा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने।
- महिला तथा लक्षित वर्गका विभिन्न समूहहरु सक्रिय हुनु( जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह सञ्चालनका बारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गबाट सञ्चालन गर्न सकिने।

- स्थानीय तहका सबै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनको लागि लैङ्गिक हिंसा न्युनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गर्नु।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहित अन्य विभिन्न विषयको स्रोत व्यक्ति हुनु।
- लैङ्गिक हिंसामुक्त स्थानीय तह घोषणा गर्ने अन्तिम चरणमा पुगेको।
- हालसम्म बनेका लैससास सम्बन्धी कानूनहरु कार्यान्वयनमा कुनै समस्या नआउनु।
- कृषि पेशामा युवाहरुको आकर्षण देखिनु।
- अनुगमन तथा मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान गर्नका लागि आवश्यक काम हुनु।
- कानून कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा तथा कर्मचारीलाई पुरस्कार गर्नु।
- अन्तर्राष्ट्रिय प्रतिवद्धता तथ महासन्धीहरुका बारेमा जनप्रतिनिधिहरु जानकार हुनु।

### ७.४ चुनौतीहरु

- छुवाछुत, लैङ्गिक विभेद, पुत्र मोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटिलता।
- बालबालिकाको सानो उमेरमा नै विवाह र बच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्बन्ध विच्छेद हुने जस्ता संभाबना बढ्दै जानु ।
- सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र व्यवस्थापन गर्न ।

## ८. सरोकारवाला पहिचान

लैससास रणनीति कार्यान्वयनको लागि सरोकारवालाहरु देहाय बमोजिम पहिचान गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नागारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वाल क्लवहरु | भूमी व्यवस्था आयोग |
| गाउँ सभा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| न्यायिक समिति | जेष्ठ नागारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ कार्यपालिका | स्वयमसेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## ९. लक्षितवर्ग पहिचान

लैससासमको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ

| | | | | |
|---|---|---|---|---|
| महिला | एकल महिला | बालबालिका | जेष्ठ नागरिक | आदिवासी जनजाती |
| किसान | द्वन्द्वपिडित | मजदुर | विपन्न वर्ग | अपाङ्गता भएका व्यक्ति |
| पिछडिएको क्षेत्र र समुदाय | | सुकुम्वासी १ परिवार मात्र | | |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट बेथान गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीसंगै लैससास रणनीति कार्यान्वयनका लागि तीनै तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । धेरै कमजोर पक्षहरु पहिचान भएका छन भने सबल पक्षहरु पनि सन्तोषजनक रहेका छन् । ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## १०. दीर्घकालिन सोच Vision

**महिला हिसामुक्त, भेदभाव छुवाछुत रहित सद्भावपूर्ण समृद्ध बेथानचोक, सुखी बेथानचोकबासी**

## ११. ध्येय Mission

**सबैलाइ अवसर प्रदान गरी प्राप्त उपलब्धीका अधारमा बिभेदको अन्त्य गर्ने ।**

## १२. लक्ष Goal

**न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट पछाडि पारिएका वर्गलाई मूलप्रवाहमा ल्याउने।**

## १३. उदेश्य Objectives

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप बेथानचोक गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति कानून मा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने।
५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## १४. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति GESI Policy

उल्लेखित उदेश्यहरु पुरा गर्नको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. पालिकाद्धारा हालसम्म निर्माण गरी लागु गरेका विकास सम्बन्धी नीति, नियम, निर्देशिका तथा औजारहरू पूर्णत लैङ्गिक दृष्टिकोणबाट उपयूक्त भए नभएको विश्लेषण गरी सुधार गरिने ।

२ पालिकाद्धारा सम्पादन गर्ने वा गराउने विकास, योजना तथा नीति निर्माण सम्बन्धी कृयाकलापहरूका कार्यक्षेत्रगत शर्तहरू तयार पार्दा विज्ञसग सल्लाह सुझाव लिइ लैङ्गिक मैत्री भएको सुनिश्चित गरिने ।

३ लैङ्गिक मैत्री योजना, नीति, कार्यक्रम तथा व्यवहारहरूको सुनिश्चितता गर्न सम्बन्धित सरोकारवालाको सहभागिता सुनिश्चित गरी समग्र निर्णय प्रकृयामा उनीहरूका आवाजहरूलाई सम्बोधन गरिने ।

४ लैङ्गिकताको क्षेत्रमा महशुस योग्य सुधार गर्न यस सम्बन्धी खण्डकृत तथ्याङ्कहरूको उपयोग गरिने र निश्चित समयमा अद्यावधिक हुने खण्डकृत तथ्याङ्क प्रणालिको निर्माण गरिने ।

५ पालिकामा सामाजिक विकास शाखालाई श्रोत र साधानयूक्त तुल्याई लैङ्गिकता सम्बन्धी विषय र कृयाकलापको सम्बोधन हुने केन्द्रको रुपमा विकास गरिने ।

६ न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धी नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिने ।

७ पालिकाको JESI सम्पर्क अधिकारीलाई क्षमता विकास सम्बन्धी नियमित तालिम र अभिमुखिकरण गरिनेछ ।

८ JESI परीक्षण तथा सामाजिक परिक्षणलाई नियमित र संस्थागत गरिनेछ ।

९ गाउँपालिकाको वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पूर्वाधार विकास, कृषि वन तथा भूमि सुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासनसंग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

१० मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११ लैङ्गिकतासंग प्रत्यक्ष वा अप्रत्यक्ष गाँसिएका स्थानीय कानून निर्माण गर्दा कानून मस्यौदाकारहरूलाई यथेष्ट तालिम तथा अभिमुखिकरण गरिनेछ ।

१२ तथ्याङ्क प्रणालीलाई सूचना प्रविधि मैत्री बनाइने ।

१३ लैङ्गिकमैत्री असल शासन स्थापित गर्न समूदाय, नागरिक समाज, आमा समूह, ग्रैह सरकारी संस्था, दातृ निकाय, यूवा तथा किशोरीहरूको सहभागिता सुनिश्चित गरी सहकार्य गरिनेछ ।

## १५. लैससास रणनीति GESI Strategy

लैससासका लागि मुलप्रवाहिकरण, समावेशिकरण, स्थानीयकरण, सशक्तिकरण, सचेतिकरण, संस्थागत संरचना, समन्वय, सहकार्य, सहजिकरण, सामाजिक सुरक्षा, अनुगमन र मुल्याँकनको क्षेत्रलाइ समेटेर महिला, बालबालिका, जेष्ठनागरिक, अपांग,

पछाडि पारिएका वर्ग, दलित, आदिवासी जनजाती लगायत गरिव र बहिष्करणमा परेका वर्ग र समुदायको उत्थानको लागि रणनीतिक कृयाकलापहरु तय गरिने छन ।

## १६ रणनैतिक कृयाकलापहरु

**उद्देश्य १**

लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने ।

**नीति**

वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पुर्वाधार, कृषि वन तथा भूमीसुधार ,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

**रणनीति**

लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिकणले विश्लेषण गर्ने<br>२. लैससास मैत्री योजना तर्जुमा का लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने,<br>३. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>५. नियमित लैससास परीक्षण गरी त्यसका आधारमा कमी कमजोरी सुधार्दै लैजाने । | १. कानुन कार्यविधिहरुको GESI दृष्टिकोणले विश्लेषण भएको हुनेछ<br>२. वार्षिक वजेटमा कम्तीमा २०% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>३. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ ।<br>वार्षिक रुपमा लैससास परीक्षण भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका वैठकका निर्णयहरु<br>४. सभाका बैठकका निर्णयहरु<br>लैससास परीक्षण प्रतिवेदन |

**उद्देश्य २**

श्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने।

**नीति**

हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

**रणनीति**

विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. लक्षित वर्गको छुट्टाछुट्टै प्रोपाइल तयार गर्ने ।<br>२. कानूनमा महिला तथा लक्षित समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br>३. लक्षितवर्गलाई कानूनले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने ।<br>४. संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने ।<br>५. नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % सहभागिता सुनिश्चित गर्ने<br>६. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकत पुरा गर्ने कार्यक्रम बनाउने । | १. लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षितवर्गका लागि जीविकोपार्जन र सशक्तिकरणका लागि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ।<br>५. लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि ।<br>४. कार्यपालिका तथा सभाका निर्णय हरु । |

**उद्देश्य ३**

लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

**नीति**

महिलातथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

**रणनीति**

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै  स्थानीयकरण गरी लागू गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. दीगो विकास लक्ष स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास र परिचालन गर्ने<br>२. बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>३. उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वनयका लागि आवश्यक कानुन कार्यविधि वनाउने । | १. दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धीसम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ। | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु ।<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

**उद्देश्य ४**

नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने।

**नीति**

गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि  महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

**रणनीति**

संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण का दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने । | १. कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका |

| | | |
|---|---|---|
| २. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>३. विगतमा बनेका कानून कार्यविधिलैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>४. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु का विषयहरुलाई समावेश गर्ने ।<br>५. सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | २नयाँ वन्ने कानून . कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा वनिसकेका कानुनमा आवश्यक संसोधन भएको हुनेछ<br>३. महिला पुरुष सगै रैथाने र आप्रवासी कामदार हरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन । | २. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन। |

## उद्देश्य ५

संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

### नीति

१. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी  लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि  महिला पुरुष समविकासलाई वढावा दिने ।
३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

### रणनीति

१. महिला, गरीबर बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागतप्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त  अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमासमान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।
२. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा,बजेट विनियोजन उपभोक्ता  समूह गठन तथा त्यसको नेतृत्व, परिचालन,  अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने।<br>३. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने।<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने।<br>८. उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६. लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रुसर रेडियो टिभि कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

**उद्देश्य ६**

मानव संसाधन तथा क्षमता विकासमा लक्षितवर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने ।

**नीति**

१ मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे कर्मचारीहरुलाई प्रशिक्षित गर्दै लैजाने।

**रणनीति**

लक्षित वर्गको सीप विकासको माध्यामबाट क्षमता अभिवृद्धि गराइ आर्थिक गतिविधिहरुमा लगाइ आत्म निर्भर वनाउने

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने।<br>३.पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैससास विषयलाई अनिवार्य राख्ने नीति वनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ। | १. वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>३. कार्यस्थलमा हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका निर्णयपुस्तिका । |

**उद्देश्य ७**

अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

**नीति**

सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने।

**रणनीति**

समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल )Cross cutting issue( को रुपमा छलफल गर्दै लैजाने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने । | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रम ।<br>२. श्रव्य दृष्य सामाग्रीहरु ।<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु ।<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५. प्रत्यक्ष अवलोकन सेवा केन्द्र । |

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| ५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | ४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | |

**उद्देश्य ८**

शिक्षा स्वास्थ्य खानेपानी लगायतका अत्यावश्यक सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने ।

**नीति**

शिक्षा स्वास्थ्य खानेपानी लगायत अत्यावश्यक सेवा प्रवाह जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्न ।

**रणनीति**

प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| १. आफ्नै घरवाट नीराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने ।<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहिच ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगती प्रतिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मुल्याङ्न फारम हरु |

| रणनीतिक कृयाकलाप | मापनका सूचक | पुष्ट्याइका आधारहरु |
|---|---|---|
| ७. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने ।<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने ।<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १७. वीत्त व्यवस्थापन

उल्लेखित रणनैतिक कृयाकलापहरु संचालनको लागि आर्थिक श्रोतको आवश्यकता पर्ने भएकोले वाह्य श्रोतको मात्र भर पर्नु हुदैन । आन्तिरक श्रोत र साधनहरु मार्फत नै बजेटलाइ कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरामा ध्यान पुर्याउनु पर्ने हुन्छ । लैससास मुलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिने छः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी/अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १८. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन ।

## १९. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ ।

योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ ।बेथानचोक गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउने ।

## २०. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. बेथानचोक गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. यो पालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने। वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कसरी कार्यान्वन भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

## २१. सम्भाव्य जोखिम र न्यूनिकरणका उपायहरु

| सम्भावित जोखिम | न्यूनिकरणका उपायहरू | कैफियत |
|---|---|---|
| नीति कार्यन्वयनमा श्रोतको व्यवस्थापन | नीतिको कार्यान्वयनका लागि आवश्यक श्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । श्रोत व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरू संघ संस्थाहरू तथा साझेदारहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । | |
| भेदभावजन्य प्रचलन तथा व्यवहारहरू | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरितिहरूको अन्त्यका लागि आवश्यक कानूनहरूको तर्जुमा र भइरहेका कानूनहरूको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरूमा | |

| सम्भावित जोखिम | न्यूनिकरणका उपायहरू | कैफियत |
|---|---|---|
| | गाउँपालिकाले शून्य सहनशिलताको नीति लिनेछ । | |
| लैससासको बुझाईमा एकरुपता नहुनु | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । | |
| स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासका सवालहरू कम प्राथमिकतामा पर्नु । | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ । लैससासका लाभ र अवसरहरूमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित समुहको सशक्तिकरण गरिनेछ । | |
| लैससासका सवालहरूलाइ एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | लैससासको सवाललाई पालिकामा मूख्य कार्यक्रमको रुपमा संचालन गरिनेछ । सबै विषयगत क्षेत्रमा यसलाई अन्तर सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ । लैससास क्षेत्रमा काम गर्ने संघ सस्थाहरू संग समन्वय गरी काम गरिनेछ । | |
| खण्डिकृत तथ्याङ्क तथा सुचकांकहरूको आधारमा योजना कार्यक्रमहरू तयार हुन नसक्नु । | लक्षित समुदायको पहिचान गर्ने, सूचक निर्धारण गर्ने र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यन्वयन गरिनेछ । | |

## २२. लैससास रणनीतिका अपेक्षित उपलब्धीहरू

- लक्षित वर्गको सशक्तिकरण भइ अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्नेछन ।
- सरोकारवाला निकायको लैससास प्रतिको बुझाइमा एकरुपता आइ क्षमता अभिवृद्धि भएको हुनेछ ।
- स्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग र समुदायको पहुँच वृद्धि हुनेछ ।
- योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता शुनिश्चित हुनेछ ।
- आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसारको लैसासाका कार्यक्रमहरू कार्यन्वयन हुनेछन।
- नेपाल सरकारको लैससासंग सम्बन्धित नीतिहरू, दिगो विकास लक्ष्य र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, कार्यन्वयनमा योगदान पुग्नेछ ।
- योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन प्रकृया लैससास मैत्री हुनेछ ।

## २३. निश्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ ।यो गाउँपालिकामा वनेका नीति नियम कार्यविधिहरु अध्ययन गर्दा नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा स्पस्ट रुपमा देखिएको छ त्यसैले वार्षिक रुपमा वनेका नीति नियम कार्यविधिहरु के कति कार्यान्वयन भए वा के कति कार्यान्वयन हुन वाँकी छन भन्ने कुरा पहिचान गर्ने गरि अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ।बेथानचोक गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्ग संगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्वनय गर्न सहज देखिन्छ।

अनुसुची

**कार्यक्रमको फोटोहरु**







